श्री नवदुर्गा
बचत तथा ऋण सहकारी संस्था लि.
SHREE NAWADURGA SAVING & CREDIT COOPERATIVE SOCIETY LTD.
"वित्तीय समाधान सहितको ग्रामीण समुदायको छनौटको पहिलो संस्था"
दर्ता नं. ७६६/०५९/६०
पान नं. ३०३१२११७८
पनौती नगरपालिका-९, सुन्थान, काभ्रेपलाञ्चोक

पत्र संख्या : २०८३/०८४
चलानी नं : ४५

मिति : २०८३/०४/१३

श्री सम्पूर्ण शेयर सदस्य महानुभावहरु
श्री नवदुर्गा साकोस पनौत ९सुन्थान काभ्रे

**विषय : २३ औं वार्षिक साधारण सभामा उपस्थित हुने सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस संस्थाको संचालक समितिको मिति २०८३ श्रावण ०९ गतेको निर्णय अनुसार यस संस्थाको २३ औं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा तपशिलका विषयहरुमा छलफल गरी साधारण सभा हुने भएकाले तपाईहरुको अनिवार्य उपस्थितीका लागि यसै सूचना मार्फत हार्दिक अनुरोध गर्दछु ।

**साधारण सभामा छलफलका विषयहरु**

१. साधारण सभाका निर्णयहरुमा हस्ताक्षर गरी प्रमाणीत गर्न प्रतिनिधि चयन गर्ने सम्वन्धमा ।
२. आ.व २०८२/०८३ को सचिवको प्रतिवेदन उपर छलफल तथा पारितका सम्वन्धमा ।
३. आ.व २०८२/०८३ को कोषाध्यक्षको प्रतिवेदन उपर छलफल तथा पारितका सम्वन्धमा ।
४.आ.व २०८२/०८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल तथा पारितका सम्वन्धमा ।
५. आ.व २०८३/०८४ को लागि वार्षिक कार्ययोजना तथा बजेट पारित गर्ने सम्बन्धमा ।
६. आ.व २०८३/०८४ को लागि बाह्य लेखा परिक्षक नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने सम्बन्धमा ।
७. विनियम संशोधनका सम्वन्धमा ।
८. आन्तरिक कार्यविधी, निर्देशिका तथा कार्यविधिहरु पारित तथा संसोधनका सम्वन्धमा ।
९. संस्था एकीकरण गर्ने सम्वन्धमा ।
१०.शेयर लाभांसका सम्वन्धमा ।
११.संरक्षित पुजी फिर्ता कोष वितरण तथा व्यवस्थापनका सम्वन्धमा ।
१२.संचालक तथा प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक, बैठक भत्ता तथा सेवा सुविधा तोक्ने सम्बन्धमा ।
१३. बैक वित्तिय संस्था, सहकारी संघ वा अन्य निकाय बाट ऋण तथा दायित्व स्वीकार गर्ने सम्वन्धमा ।
१४. स्थिरीकरण कोषमा सहभागीता सम्बन्धमा ।
१५. सदस्यहरुबाट प्राप्त सुझावहरुका सम्बन्धमा ।
१६. विविध ।

**साधारण सभा हुने मिति, समय र स्थान**

मिति : २०८३ भाद्र १३ गते पत्रमा तोकिएको समय, स्थानमा र तोकिएका स्थानहरुमा भाद्र १३ गते उपस्थित हुन नसक्नु भएका सम्पूर्ण शेयर सदस्य तथा एकाईबाट छनौट भई आउनुभएका प्रतिनीधि सहित भाद्र २० गते ताम्राकार पार्टि भेन्यु पनौती ४ ज्यालेपाटीमार्ग काभ्रेमा विहान ९ बजे देखी ४ बजे सम्म साधारण सभाको बन्द सत्र कार्यक्रम संचालन हुने भएकाले सोही स्थानमा उपस्थिती जनाउन सकिनेछ ।

**अकुर प्रसाद सापकोटा**
**सदस्य सचिव**

श्री नवदुर्गा
बचत तथा ऋण सहकारी संस्था लि.
SHREE NAWADURGA SAVING & CREDIT COOPERATIVE SOCIETY LTD.
"वित्तीय समाधान सहितको ग्रामीण समुदायको छनौंटको पहिलो संस्था"
दर्ता नं. ७६६/०५९/६०
पान नं. ३०३१२१९७८
पनौती नगरपालिका-९, सुन्थान, काभ्रेपलाञ्चोक

पत्र संख्या : २०८३/०८४
चलानी नं : ४५

मिति : २०८३/०४/१३

| साधारण सभा हुने केन्द्र | साधारण सभा हुने स्थान/उप केन्द्र | साधारण सभा मिति/समय | उपस्थित हुनुपर्ने क्षेत्रका सदस्यहरु |
|---|---|---|---|
| १.बालुवापाटी सेवा केन्द्र | १.बालुवापाटी सेवा केन्द्र | २०८३ भाद्र १३ गते विहान ११:०० बजेदेखी दिउसो ३:३० बजे सम्म | बालुवापाटी सेवा केन्द्रका सम्पूर्ण शेयर सदस्यहरु |
| २.लेकालीडाँफे सेवा केन्द्र | १.लेकालीडाँफे सेवा केन्द्रको कार्यालय धुलिखेल | २०८३ भाद्र १३ गते विहान ७:३० बजेदेखी १०:३० बजे सम्म | साविकको पाल्लेखेत ८ र लेकाली डाफे सेवा केन्द्रका सवै सदस्यहरु |
| | २.काभ्रेभञ्ज्याङ बचत समुह धुलिखेल ९, काभ्रेभञ्ज्याङ | २०८३ भाद्र १३ गते विहान ७:३० बजेदेखी १०:३० बजे सम्म | काभ्रेभञ्ज्याङ क्षेत्रका सवै सदस्यहरु |
| | ३.पाल्लेखेत बचत समुह धुलिखेल ११, पाल्लेखेत | २०८३ भाद्र १३ गते विहान ७:३० बजेदेखी १०:३० बजे सम्म | पाल्लेखेतको माथिल्लो (साविक १ देखी ७ वडा) का सवै शंखुको माथिल्लो भेगका सवै सदस्यहरु |
| ३.ताम्राकार पार्टि भेन्यु पनौती ४ ज्यालेपाटी मार्ग | १.ताम्राकार पार्टि भेन्यु पनौती ४ ज्यालेपाटी मार्ग | २०८३ भाद्र २० गते विहान ९ बजेदेखी ४ बजे सम्म | पनौती न.पा, बनेपा न.पा, पाँचखाल, बेथानचोक, खानीखोला गा.पा का सम्पूर्ण सदस्यहरु र अन्य तोकिएका दिनमा छुटेका सदस्यहरु र छनौट भएका प्रतिनीधि र मान्युट सदर कमिटिका सदस्यहरु |

**पुनश्च :**

१. सम्वन्धित सदस्यज्यूहरुले तोकिएको मिति, समय र स्थानमा पासबुक वा परिचय खुल्ने कागजात सहित उपस्थित हुनुपर्नेछ । यदि उक्त स्थानमा उपस्थित हुन नसक्ने सदस्यहरु भाद्र २० गते कार्यक्रम स्थलमा उपस्थित हुन सकिनेछ ।

२.तोकिएको मिति र स्थानमा स्वयम उपस्थित हुने सदस्यहरुलाई मात्र खाजा खर्च स्वरुप कर बाहेक रु ३००।- नगद उपलब्ध गराइनेछ । तर ३ महिना भन्दा बढि नियमित बचत गर्न बाकी र ऋणको भाखा नाघेका सदस्यहरुलाई उक्त खर्च उपलब्ध गराइनेछैन ।

३.बार्षिक प्रतिवेदन, साधारण सभामा छलफल हुने विषयहरु तथा संस्था संग सम्वन्धीत आवश्यक सल्लाह, सुझाव मिति २०८३ भाद्र १२ गते सम्ममा लिखित रुपमा दिनसक्नुहुनेछ ।

४.उक्त तोकिएका दिनहरुमा शेयर सदस्य बन्नेलाई प्रवेश शुल्कमा छुट सहित परिवहन खर्च समेत प्रदान गरिनेछ ।

५.साधारण सभाको दिन भन्दा पहिले साधारण सभाको लागि प्रकाशित प्रगति प्रतिवेदन पुस्तिका २०८३ भौतिक रुपमा प्राप्त गर्न मिति २०८३ भाद्र १० गते भन्दा पछि संस्था वा सेवा केन्द्रहरुबाट प्राप्त गर्न सकिने छ भने अभौतिक रुपमा अध्ययन गर्नका लागि संस्थाले प्रदान गर्ने लिङ्क मार्फत अध्ययन गर्न सकिनेछ ।

६.अन्य थप जानकारीका लागि तल दिइएका कार्यालयका नम्वरहरुमा सर्म्पक गर्न सक्नुहुनेछ ।

**अकुर प्रसाद सापकोटा**
**सदस्य सचिव**


फोन नं. : ०११-४४१२६६, ४४०४५५ (गणेशस्थान), ४०६०३१ (सुन्थान), ४४१३७८ (पनौती)
इमेल : saccos766@gmail.com, वेबसाईट : nawadurga.coop.np